श्रीमान गभर्नरज्यू,
नेपाल राष्ट्र बैंक
बालुवाटार, काठमाडौं

मिति २०७९ असार १८ गते

विषय : २०७९/०८० को लागि प्रस्तुत हुने मौद्रिक नीति सम्बन्धमा ।

गभर्नर ज्यू,

होटल मेघ पोखरा यस क्षेत्रका पर्यटकीय होटलहरुको साझा संस्था हो । सघले गण्डकी प्रदेश तथा समग्र नेपालको पर्यटन प्रवर्द्धन एवम् दिगो पर्यटन विकासलाई प्रभावकारी बनाउन विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । नेपालका पर्यटन व्यवसायीहरुले विभिन्न किसिमका बाधा, अड्चन, समस्याहरु झेल्दै राज्यको नितिनियममा रही हाल सम्म व्यवसायलाई निरन्तरता दिदै आइरहेको सर्वविदितै छ ।

सन २०२० को प्रारम्भ देखी विश्व अर्थतन्त्रलाई नै प्रभाव पार्ने गरी देखा परेको कोभिड १९ को सक्रमणका कारण होटल तथा पर्यटन उद्योग ठप्प भई देशको अर्थतन्त्रमा समेत प्रभाव परेको र हाल सम्म पुर्ववत अवस्थामा अन्तर्राष्ट्रिय पर्यटकहरुको आवागमनमा वृद्धि नभएको यहाँलाई अवगत नै छ । कोभिड-१९ को महामारीबाट पर्यटन क्षेत्र विशेष गरी होटल उद्योग सबैभन्दा बढी प्रभावित भए तापनि आर्थिक वर्ष २०७९ ०८० को बजेटले पर्यटन तथा होटल उद्योगलाई प्राथमिकता प्राप्त उद्योगको रुपमा सम्बोधन गर्न नसकेको हुंदा गत वर्षको बजेटले अंगिकार गरेको विशेष प्रभावित यस क्षेत्रलाई मौद्रिक नीतिबाट सम्बोधन गर्नका लागि श्रीमान् गभर्नरज्यूसमक्ष निम्न बुदाहरु पेश गरेका छौं

- होटल तथा पर्यटन उद्योगको वित्तीय अवस्था हालसम्म सहज भइनसकेको हुनाले विस २०८१ असार मसान्त सम्मको पाक्ने ब्याज छुट्टै हिसाब राखी हजेना र पेनाल ब्याज नलाग्ने व्यवस्था गरिनुपर्ने । होटलहरुको लागि आवश्यक पर्ने थप कर्जा न्यून ब्याजदरमा प्रवाह गरिनुपर्ने तथा कर्जा प्रक्रिया शुल्क सहुलियतपूर्ण गरिनुपर्ने ॥
- निर्यातजन्य कारोबार गरेर देशमा विदेशी मुद्रा भित्र्याउने कम्पनीहरुलाई नेपाल सरकारले Cash Back Incentive द्वारा प्रोत्साहित गर्ने व्यवस्था रहेको हुंदा प्रकृति दोहन नगरि वातावरण मैत्री तवरबाट विदेशी मुद्रा आर्जन गरि देशको व्यापार घाटा कम गर्ने तथा कृषि, घरेलु, उद्योग, हवाई यातायात लगायतका समग्र अर्थतन्त्रलाई

महत्वपूर्ण योगदान पुऱ्याइरहेका पर्यटन तथा होटल उद्योगलाई भने यस्तो सुविधाबाट वञ्चित गरिएको छ । यसर्थ होटल उद्योगलाई पनि निर्यात व्यवसायिहरुले पाएको Cash Back Incentive दिइने व्यवस्था गरिदिनु पर्ने ।

- हालसम्म पनि पर्यटन उद्योगको आर्थिक अवस्थामा सुधार नआई सकेको हुँदा सहुलियत कर्जाको सिमा २० करोडबाट बढाएर ५० करोड पुऱ्याइनुपर्ने । यसरी पाएत गरिनुपर्ने सेवा सुविधाहरु कतिपय होटलहरुले पाएत गर्न नसकेको र कार्यान्वयन हुन नसकेको हुँदा सहजिकरण गर्दै कार्यान्वयन भए नभएको अनुगमन कार्यका लागि निजी क्षेत्र समेमावित अनुगमन समिति गठन गरिनु पर्ने ।
- हाल भएका कर्जाहरुलाई कम्तीमा ३ वर्ष अवधि थप गरी पुनर्तालिकीकरण गरिएको व्याजलाई अनुपातिक रुपमा पुनर्तालिकीकरण गरिएको कर्जाको व्याज र सोबा तिने समयसीमा असार मसान्तसम्म तोकिएको हुँदा अधिक मार परेर नसकी एकै पटक तिर्न नसकिने हुँदा थामी अवधिको लागि किस्ताबन्दीमा तिर्ने, बुझाउने व्यवस्था हुनु पर्ने ।
- होटलमार्फत विदेशी एजेन्टहरुलाई डलरमा कमिसन भुक्तानी गर्दा भुक्तानीको सिमा बढाइनुपर्ने साथै प्रक्रिया झन्झटिलो रहेको हुँदा होटलहरुले तोकेको व्यक्तिको नाममा डलरको ड्राफ्ट काई उपलब्ध गराई सहजिकरण गरिनु पर्ने ।
- अन्तर्राष्ट्रिय पर्यटकहरुद्वारा अधिकांश भुक्तानी एवम् कारोबार क्रेडिट कार्ड मार्फत हुने भएकाले क्रेडिट कार्डको प्रयोगमा बैंकहरुले लिदै आएको ३ प्रतिशत सेवा शुल्क झै महंगो भएकोले यसलाई घटाई घट्टीमा १ प्रतिशत कायम गरिनुपर्ने ।
- नेपाल भित्रिने पर्यटकहरुमा सबै भन्दा ठुलो हिस्सा ओगट्टेको छिमेकी भारतीय पर्यटकहरुले होटल सेवा प्रयोग गर्दा बापत भुक्तानी गर्ने भारतीय ५०० र २००० को मुद्रालाई सहज रुपमा स्वीकार गर्न पाउनु पर्ने । साथै साथै क्षेत्रबाट आउने विदेशी पाहुनाहरुलाई स्थानीय मुद्रामा भुक्तानी गर्न सहजिकरण गरिनुका साथै बैंकहरुले डलर मुद्रा सहजै स्वीकार गरिनु उपयुक्त हुने ।
- राम्रोले आयातमा लगाएको प्रतिबन्धपत्र बापतको १०० प्रतिशत मार्जिनलाई घटाई साविकको १० प्रतिशतमा झारिनुपर्ने साथै आयातमा लगाएको प्रतिबन्ध फुकुवा गरिनुपर्ने ।
- हालको अवस्थामा होटल व्यवसायिले कर्जा तथा व्याज भुक्तानी गर्न नसकेको कारणबाट बैंक तथा वित्तीय संस्थाले कुनै प्रकारको जरिवाना शुल्क लिन नपाउने तथा व्यवसायीलाई कर्जा भुक्तानी गर्न बाध्यकारी बनाउन नपाउने तथा व्यवसायीको धितो लिलामी गर्ने जस्ता कार्य बाध्यकारी गर्न नपाउने ।

- वातावरणीय अध्ययन (IEE/EIA/BES) को ढिलाईका कारणले नविकरण हुन नसकेका होटल उद्योगहरुलाई सहज रुपमा नेपाल राष्ट्र बैंकबाट विदेशी मुद्रा कारोबार अनुमतीपत्र नविकरण गरिनुपर्ने ।
- व्यवसाय निरन्तरताका लागि होटल व्यवसाय सञ्चालनका लागि खासगरी साना तथा मझौला होटलहरु लगायतलाई परियोजनाको आधारमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनुपर्ने ।
- कोभिड १९ बाट थला परेको पर्यटनलाई हाल अन्तर्राष्ट्रिय मुलुकमा भएको द्वन्दका कारण पर्यटकहरुको आगमनमा आएको कमी र उपभोग्य समाग्रीहरुमा भएको अधिक महङ्गीले थप मारमा परेको हुदा व्यवसायलाई निरन्तरता प्रदान गर्न राहत प्याकेज प्रदान गरिनु पर्ने ।
- होटल तथा अन्य उद्योग धन्दाहरुलाई राज्यले निश्चित समयका लागी सहुलियत ऋण, कर छुटको व्यवस्था गरी प्रोत्साहन गर्ने ।
- होटल तथा पर्यटन क्षेत्रलाई पनि कृषी क्षेत्र सरह सहुलियत कर्जा उपलब्ध गराई होटल क्षेत्रको मू.अ.कर कम गरिनु पर्ने ।

लक्ष्मण सुवेदी
अध्यक्ष
होटल सघ पोखरा, नेपाल